लेखापरीक्षण प्रतिवेदन

मिक्लाजुङ गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मिक्लाजुङ गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/647

श्रीमान् अध्यक्षज्यू,

मिक्लाजुङ गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, पाँचथर।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/647

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

मिक्लाजुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

पाँचथर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय गरी कुल रुरु.१ अर्ब ३५ करोड १० लाख ०७ हजारको लेखापरीक्षणबाट रु.१ करोड १० लाख ८८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.२ लाख ७ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.१६ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६१ लाख १६ हजार, नियमित गर्नुपर्ने रु २९ लाख ३७ हजार र पेश्की बाँकी रु.२ लाख १ हजार गरी जम्मा रु.१ करोड ८ लाख ८१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.४२ करोड ६७ लाख ५ हजार मध्ये रु ६ करोड ८० लाख २२ हजार फर्स्यौट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.३६ करोड ९५ लाख ६४ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।गाउँकार्यपालिका, प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जि्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु							
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की	
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती									
३७	५९	१,१०,८८,९४८	०	५	२,०७,९०२	०	३७	५४	१,०८,८१,०४६	१६,२६,१०४	२९,३७,२४१	६१,१६,५००	०	०	९०,५३,७४१	२,०१,२००	

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाँचथर	४२,६७,०५,७५०	०	६,८०,२२,६९७	३५८६८३०५३	०	१,०८,८१,०४६	३६९५६४०९९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको				
१	२०८१/८२	५७	सामाजिक सुरक्षा	३३,१९७
२	२०८१/८२	३०	बढी भुक्तानी	१,२००
३	२०८१/८२	२३	पेश्की	१,००,०००
४	२०८१/८२	४६	दोहोरो भूक्तानी	९,५०५
५	२०८१/८२	२७	खर्च पुष्टयाइँको प्रमाण	६४,०००
जम्मा				**२,०७,९०२**
गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण				

६	२०८०/८१	११५.२ र ११५.४	हाट बजार	१,६८,०००
७	२०८०/८१	७५	हाजिरी बेगर भुक्तानी	६८,७६५
८	२०८०/८१	९०	सोझै खरिद	२३,४२,४२२
९	२०८०/८१	८४.५	साना सिंचाइ योजना तर्फ	७८,७४,९०२
१०	२०८०/८१	४१	शीर्षक फरक पारी खर्च	७,३८,४४८
११	२०८०/८१	६२.९	शिक्षा तर्फ	२०,७६०
१२	२०८०/८१	५२	मर्मत	५,६०,१००
१३	२०८०/८१	८२	बास्तविक मूल्य भन्दा बढीको लागत अनुमान र भुक्तानी	५,०३,९१२
१४	२०८०/८१	३९	बढी भुक्तानी	४८,०००
१५	२०८०/८१	३५	फरक व्यक्तिलाई भुक्तानी	५,९५०
१६	२०८०/८१	९३	पूँजिगत शीर्षकबाट तलव अनुदान	६,३३,५८१
१७	२०८०/८१	६५	पाठ्य पुस्तक निर्माण	७,२०,०००
१८	२०८०/८१	५७	पदाधिकारी संचार, यातायात र अनुगमन	१,९४,३४८
१९	२०८०/८१	२८	पदाधिकारी भ्रमण	२०,०००
२०	२०८०/८१	१०२.२, १०२.३ र १०२.४	दुरदिम्वा स्वास्थ्यचौकी भबन निर्मण	६,०४,६११
२१	२०८०/८१	५९	तालिम	३५,०००
२२	२०८०/८१	८०.१	झोलुङ्गे पुल तर्फ	७,०८,८२४
२३	२०८०/८१	२७	गा पा अध्यक्षको यातायात सुविधा	६०,०००
२४	२०८०/८१	१०५.२	कृषि सडक अन्तर्गत सडकमा कल्भर्ट, ग्याबियन लगायतका निर्माण कार्य 7/2080/81	५,२८,५००
२५	२०८०/८१	७९	कार्यविधि विपरित उपभोक्ता समितिवाट निर्माण कार्य	१,३०,७६,६२७
२६	२०८०/८१	४९	ईन्टरनेट विस्तारः	१,५०,०००
२७	२०८०/८१	२९	आवास खर्च	३६,०००
२८	२०८०/८१	३९	अनुदान	१,००,०००
२९	२०७९/८०	५० र ८९	सोझै खरिद	४३,२३,९९६
३०	२०७९/८०	६९	राष्ट्रपति रनिङ सिल्ड	१,००,०००
३१	२०७९/८०	४६	पाईप खरिद तथा मौज्दात	२२,७२,०००

३२	२०७९/८०	५३	थप बीमा	१२,०००
३३	२०७९/८०	२४	करार कर्मचारी	३१,५८,०७७
३४	२०७९/८०	४३	उपभोक्ता समितिवाट थप कार्य	१५,११,२५०
३५	२०७८/७९	२५	प्रतिश्पर्धा बिपरित खरिद	१९,५०,०००
३६	२०७८/७९	२३,२४ र ४५	उपभोक्ता समितिले मेशिन प्रयोग गरेको समेत	७४,५२,४१४
३७	२०७७/७८	४२	मूल्य अभिबृद्धि कर कट्टा नगरेको	४,५८,९७८
३८	२०७७/७८	३८	बोयर बोका	१,००,०००
३९	२०७७/७८	४८	निर्माण व्यवसायीबाट काम गराएको	५६,०५,२३२
४०	२०७७/७८	३६	अनूदान किस्ता	१,१८,८०,०००
जम्मा				**६८०२२६९७**
कुल जम्मा				**६,८२,३०,५९९**

मिक्लाजुङ गाउँपालिका, पाँचथर

(८०१०२५०५३००)

मिक्लाजुङ गाउँपालिका , पाँचथर

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने २१०६१ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।११ देखि २०८२।०५।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय र व्ययतर्फ कुल रु.१ अर्व ३५ करोड १० लाख ०७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न

छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

भिमलाजुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रानि, पाँचपोर

एकिकृत आर्थिक विवरण

आ.व. २०८१/८२

आय तर्फ				व्यय तथा मौज्दात तर्फ		
सि.नं.	विवरण		रकम	सि.नं.	विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		26991042.82	१	चालु खर्च	3558
	क) सञ्चित कोष	9649945.85			क)आन्तरिक श्रोत	
	ख) धरौटी	16301169.18			ख)राजश्व वाँडफाँड	
	ग) विविध कोष	502077.00			ग)विशेष अनुदान	
	घ) प्रकोप व्यवस्थापन कोष	2261.00			घ)समपुरक अनुदान	
	ङ) विविध खर्च खाता	528709.79			ङ)समानिकरण अनुदान	
	च) आकस्मिक कोष खाता	6880.00			च)सशर्त अनुदान	
२	राजश्व (आन्तरिक आय) राजश्व वाँडफाँड		105865771.27			
	क) आन्तरिक राजश्व	11651807.48		२	पुँजीगत खर्च	1244
	ख) राजश्व वाँडफाँड	94213963.79			क)आन्तरिक श्रोत	
३	वित्तीय हस्तान्तरण (संघीय सरकार)		384317719.00		ख)समपुरक अनुदान	
	क) समानिकरण अनुदान	91484720.00			ग)समानिकरण अनुदान	
	ख) सशर्त अनुदान	277832999.00			घ)सशर्त अनुदान	
	ग) विशेष अनुदान	0.00			ङ)राजश्व वाँडफाँड	
	घ) समपुरक अनुदान	15000000.00		३	वित्तीय व्यवस्था	
४	वित्तीय हस्तान्तरण (प्रदेश सरकार)		38386000.00		क)व्याज भुक्तानी	
	क) समानिकरण अनुदान	6107000.00			ख)अन्य भुक्तानी	
	ख) सशर्त अनुदान	22779000.00			ग)ऋण भुक्तानी	
	ग) विशेष अनुदान	0.00		४	लगानी	
	घ) समपुरक अनुदान	9500000.00			क)ऋण लगानी	
५	वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)		0.00		ख)शेयर लगानी	
			0.00	५	विभिन्न कोषको खर्च	86
६	अन्तर सरकारी अख्तियारी		108466784.00		क)विविध कोष/खर्च खाता 8627683.00	
	क)सामाजिक सुरक्षा कार्यक्रम	106521784.00		६	धरौटी फिर्ता/सदरस्याहा	34
	ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	1945000.00			क)फिर्ता 3416888.06	
				७	अन्तर सरकारी अख्तियारी	1084
					क)अन्तर सरकारी अख्तियारी 108466784.00	
७	विभिन्न कोष तर्फको आय		11476675.83	८	मौज्दात	305
	क)धरौटी	2518264.00			क) सञ्चित कोष 13760559.18	
	ख)विविध कोष खाता	4800000.00			ख) धरौटी 15402545.12	



	ग)विविध खर्च खाता	4153549.83		ग) विविध कोष/खर्च खाता	1356653.62
	घ) विभाज्य कोष खाता	4862.00		घ) आकस्मिक कोष खाता	6880.00
				ङ) प्रकोप व्यवस्थापन कोष	2261.00
				च) विभाज्य कोष खाता	4862.00
			९	अनुदान फिर्ता	442
				ङ) फिर्ता अनुदान संघीय तर्फ	36648511.56
				च) फिर्ता अनुदान प्रदेश तर्फ	7588842.00
	जम्मा	675503992.92	जम्मा		6755039

चुडामणि घिमिरे
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधि

CS Scanned with CamScanner

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय विवरणको यथार्थता -

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवारको लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण, स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,६५,२१,७८४/- र एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु.१९,४५,०००/- गरी जम्मा रु.१०,८४,६६,७८४/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ खर्च विश्लेषण -

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,१६,५१,८०७/- राजस्व बाँडफाँड र अनुदानबाट रु.४७,२६,८०,३२९/- समेत रु.४८,४३,३२,१३६/- आम्दानी भएकोमा चालु तर्फ रु.३५,५८,१६,५१७/- र पूँजिगत तर्फ रु.१२,४४,०५,००६/- समेत रु.४८,०२,२१,५२३/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८९,०३,२८५/- खर्च भएको छ जुन आन्तरिक आयको ७६.४१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.२७ प्रतिशत चालु र २४.७३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५ अनुदान प्राप्ति र फिर्ता -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २१(२) फिर्ता गर्न बाँकी अनुदान शुन्य देखाएकोमा पालिकाले संघ संचित कोषमा ३ करोड ६६ लाख ४८ हजार ५ सय ६ फिर्ता गरेको छ तथा प्रदेश संचित कोषमा रु. ६५ लाख ८८ हजार ८ सय ४७ फिर्ता गरि कुल ४ करोड ४२ लाख ३७ हजार ३ सय ५३ फिर्ता गरेको देखिन्छ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२७७८३२९९९	२४३९८६८४५	३३८४६१५३	०.००
	विषेश	०.००	०.००	०.००	०.००
	समपुरक	१५०००००	१२१९७६४७	२८०२३५३	०.००
	अन्य	०.००	०.००	०.००	०.००
प्रदेश सरकार	शसर्त	२२७७९०००	१९९१३०६०	१८६५९४०	०.००
	विषेश	०.००	०.००	०.००	०.००
	समपुरक	९५०००००	४७७७०९३	४७२२९०७	०.००
	अन्य	०.००	०.००	०.००	०.००
	जम्मा	**३२५१११९९९**	**२८०८७४६४५**	**४४२३७३५३**	०.००

६ **सेवाप्रवाह -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले उपलब्ध गराएको सेवा प्रवाह विवरण देहाय अनुसार रहेको छः

क्र.स.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१.	नागरिकता सिफारिस	६६०	६६०
२.	घरबाटो सिफारिस	७२०	७२०
३.	नाता प्रमाणित	३५०	३५०
४.	जन्म	४०४	४०४
५.	मृत्यु	२३७	२३७
६.	अन्य	१५००	१५००

७ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।०३।०९ मा रु. ५५ करोड ७९ लाख ५१ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१८ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।

८ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण

तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **बजेट तर्जुमा समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **योजनाको प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार पालिकास्तरका कुल १२ करोड ४४ लाख ५ हजार योजनामा वजेट विनियोजन गरेको छ।

रु १ लाख सम्म	रु १ लाख देखि ५ लाखसम्म	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाख देखि २० लाख सम्मका	रु. २० लाख भन्दा बढीको	जम्मा
६४	४५	३४	१२	४३	१९८

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ अर्थात पालिकाले ६६ योजनाहरु (५५%) योजनाहरु ५ लाखसम्मका रहेका छन्। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये योजनामात्र कार्यान्वयन भई योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्यक्षेत्र	वार्षिकवजेट	खर्चरकम	कुलखर्चमध्येप्रतिशत
आर्थिक विकास	६५६२९८००	५१८९९३१२	१२%
सामाजिक क्षेत्र	३१४३५१३५२	२७९५१९३३८.६	६६%
पूर्वाधार विकास क्षेत्र	८२६१७७२०	६४७५९६४	२%
वातावरण तथा विपद् व्यवस्थापन	७८५००००	७३७५५१०	२%
संस्थागत विकास र सेवाप्रवाह	५३१३५००	४२७६०३८	१%
वित्तीय व्यवस्थापन र सुशासन			
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	८६६१६६२८	७२३९९३६०	१७%
जम्मा	५६२३७९०००	४२१९४५५२३	१००%

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ६६ प्रतिशत र संस्थागत विकास र सेवाप्रवाह तथा वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा सबै भन्दा घटी १ प्रतिशत खर्च रहेको छ ।

१२ पुँजीगत खर्च -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको त्रैमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । पालिकाको त्रैमासिक पुँजीगत खर्च समबन्ध विवरण देहाय अनुसार रहेको छः आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो ।

क्र. सं	बजेट शीर्षक उपशीर्षक	कुल खर्च		त्रैमासिक खर्च			
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
	पुँजीगत	१२,४४,०५,००६	२०,२७,७२२	**९०९७६३१**	३,८२,५०,४२५	७,५०,२९,२२८	५,०५,७१,०२८
	प्रतिशत	**१००**	**१.६२**	**७.३१**	**३०.७४**	**६०.३१**	**४०.६५**

कार्यालयको पूँजिगतखर्च विश्लेषण गर्दा कुल पुँजीगत खर्च रू.१२ करोड ४४ लाख ५ हजार मध्ये प्रथम त्रैमासिकमा १.६२ प्रतिशत रू.२० लाख २७ हजार, दोस्रो त्रैमासिकमा ७.३१ प्रतिशत रू.९० लाख ९७ हजार, तेस्रो त्रैमासिकमा ३०.७४ प्रतिशत रू.३ करोड ८२ लाख ५० हजार, चौथो त्रैमासिकमा ६०.६१ प्रतिशत रू.७ करोड ५० लाख २९ हजार खर्च भएको देखियो । चौथो त्रैमासिकको असार महिनामा मात्र ४०.६५ प्रतिशत रू.५ करोड ५ लाख ७१ हजार खर्च भएको देखियो। त्रैमासिक कार्य विनियोजित बजेट, लक्ष्य तथा कार्यक्रम बमोजिम खर्च नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न त्रैमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै त्रैमासिक खर्चको प्रगत विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

१३ कानुन निर्माण एवम् सञ्चालन -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म वटा ९ ऐन, ३ वटा नियमावली, २८ वटा कार्यविधि १ निर्देशिका गरी जम्मा ४१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानुन निर्माण गरीलागु गर्नुपर्दछ ।

१४ **न्यायिक समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष दर्ता भएको ५ मध्ये ५ वटा फर्स्यौट भएको देखिन्छ । पालिकाले तोकिएको समयमै उजुरी फर्स्यौट गरी प्रभावकारी न्याय सम्पादमा ध्यान दिनुपर्दछ ।

क्र.स.	उजुरीको प्रकार	गतवर्षको बाँकी	यस वर्ष थप	जम्मा	यो वर्ष फछ्यौट	फछ्यौट हुन बाँकी	समयमै फछ्यौट नहुनुको कारण
१	रुख विरुवा विवाद,खानेपानी मुहान विवाद, भुक्तानी तथा लेनदेन	०	५	५	५	०	

१५ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

१६ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीकको दरबन्दिमा रहेको कर्मचारी अन्य स्थानिय तहमा कार्यरत रहेकोले आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१७ **जिन्सी व्यवस्थापन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार छनः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS V2) मा प्रविष्टी गरेको छ, तर जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको कारणले सामानको यथार्थ अवस्था यकिन गर्न सकिएन। जिन्सी

निरीक्षण गरि सामानको अवस्था उल्लेख गरि PAMS मा विवरण अद्यावधिक गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

१८ **बेरुजु लगत** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१९ **व्यक्तिगत धरौटी खाता** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यलयमा निवेदन दिनुपर्ने व्यवस्था छ। पालिकाको २०८१।८२ मा गत विगतका पुराना धरौटीहरु रु. १ करोड ६३ लाख १ हजार १ सय ६९ अल्या सार्दै आएको र व्यक्तिगत धरौटी खाता नराखेकोले प्रयोजन समाप्त भएका धरौटीको अवस्था यकिन गर्न नसकिएको छ। प्रयोजन समाप्त भएको धरौटीको अवस्था यकिन गरी कानूनी प्रकृया पुर्‍याई धरौटी खाता व्यवस्थित गर्नुपर्ने देखिन्छ।

२० **कर्मचारी कल्याण कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७६।१।२९ मा जिल्ला समन्वय समितिको कार्यालय पाँचथरबाट यस कार्यालयमा समायोजन पदस्थापन भई २०८१।८।६ मा अनिवार्य अवकाश भएका सव- इन्जिनियर भैरब लावतीलाई सञ्चित घर तथा बिरामी बिदा, औषधी उपचार खर्च र उपदान वापत जम्मा रू.५२,६४,५७४।९३ कर्मचारी कल्याण कोषबाट भुक्तानी दिएकोमा उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। पालिकाले कोशी प्रदेशबाट जारी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० अनुसार उक्त सुविधा भुक्तानि दिएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०६४ अनुसार उपदानकोष तयार गरी दीर्धकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नु पर्दछ।

२१ **सहकारीको विवरण अद्यावधिक**-

सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) संचालन कार्यविधि,२०७७ को दफा २९ मा सहकारी ऐन,२०७४ बमोजिम गठित सबै संघ, संस्था र सहकारी बैंकले सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS)को अनिवार्य रुपमा प्रयोग गर्ने र प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्नुपर्ने व्यवस्था छ । पालिकाले दिएको विवरणअनुसार यस गाउँपालिकाको कार्यक्षेत्र रहेर संचालित कुल २९ वटा सहकारी संस्था मध्ये जम्मा १८ वटा सहकारी संस्थामात्रै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS)को अनिवार्य रुपमा प्रयोग गरेको पाइयो। पालिकाले आफ्नो नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली संचालन कार्यविधि,२०७७ अनुसार गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा अनिवार्य रुपमा विवरण अद्यावधिक गर्न लगाई पालिकाले नियमित अनुगमन गर्नुपर्दछ ।

२२ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले विविध खर्च तर्फ रु.८,६८,७१४/-खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १,१६,५१,८०७/- को ७.४५ प्रतिशत हुन आउँछ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२३ **पेश्की** - (१७६,२२०,३६१,५८८/2081-06-23):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले यस वर्ष देहायका पदाधिकारी तथा कर्मचारीलाई उपलब्ध गराएको पेश्की हालसम्म फछ्यौट गरेको देखिएन। नियमानुसार पेश्की असुल गरि फछ्यौट गर्नुपर्ने रु.

क्र.स.	पेश्की लिने कर्मचारीको नाम	पेश्की लिएको मिति	पेश्कीको अन्तिम म्याद	पेश्की रकम	पेश्कीको उद्देश्य	कैफियत
१.	पर्तबहादुरमाखिम	२०८१।१२।११	२०८२।०१।१५	७३,४००	पोषण कार्यक्रम	पे.फ नभएको
२.	पर्तबहादुरमाखिम	२०८२।०३।२४	२०८२।०४।२७	८७,८००	स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम (अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत)	वर्षान्तको अन्यमा पेश्की
३.	विजय मगर	२०८२।०३।१८	२०८२।०४।२१	४००००	कार्यक्रम खर्च	वर्षान्तको अन्यमा पेश्की
जम्मा				**२,०१,२००**		

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१००,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	२,०१,२००

२४ **आय अनुमान तथा असुली** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६०,००,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.५४,२५,६१०/- अर्थात अनुमान भन्दा ९०.४२ प्रतिशत आय प्राप्त गरेको छ ।पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क असुल गरेकोले उल्लिखित असुली रकम यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पालिकाको शिर्षकगत आय अनुमान तथा असुलीको विवरण देहाय अनुसार रहेको छः

राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	वार्षिक असुली
११३१३	सम्पती कर	०.००	३७,६६७.४०
११३१४	भुमिकर/मालपोत	१५,८०,०००.००	२४,४५,६१६.४३
११३१७	वहाल कर	२,५०,०००.००	५,१३,४३२.८३
११३१८	वहाल विटौरी कर	२,५०,०००.००	२,५८,०००.००
११४५१	सवारी साधन कर (साना सवारी)	०.००	५००.००
११६११	व्यवसायले भुक्तानी गर्ने	०.००	२,४५०.००
११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	४,२४,०००.००	३,२४,५६२.५०
११६९१	अन्य कर	४,५०,०००.००	७,२०,७००.००
१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०.००	५,०००.००
१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	५,००,०००.००	८००.००
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	४,००,०००.००	०.००
१४२२१	न्यायिक दस्तूर	५,०००.००	७००.००
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	५०,०००.००	१,११,०००.००
१४२२४	परीक्षा शुल्क	६,०००.००	४,०००.००
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	३,००,०००.००	१,१६,०००.००
१४२४२	नक्सापास दस्तुर	१,००,०००.००	८९,०४९.८३
१४२४३	सिफारिश दस्तुर	१२,००,०००.००	१५,७६,१७५.००
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	४,००,०००.००	३,६३,७००.००
१४२४५	नाता प्रमाणित दस्तुर	१,५०,०००.००	१,६३,६५०.००
१४२४९	अन्य दस्तुर	४,५०,०५४.१५	२,८५,१०२.९९
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	२,५०,०००.००	२,०४,६०९.००
१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	३०,०००.००	१४,०००.००
१४२६५	अन्य क्षेत्रको आय	०.००	२,०००.००
१४३१३	धरौटी सदरस्याहा	०.००	१,०००.००
१४५२९	अन्य राजस्व	५,०००.००	१,४६,७६४.५०
१४६११	व्यवसाय कर	३,००,०००.००	८,८५७.००
१५१११	बेरूजू	७६,००,०००.००	४२,५६,४७०.००
जम्मा		**१,४७,००,०५४.१५**	**१,१६,५१,८०७.४८**

२५ **व्यवसाय दर्ता -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको राजस्व अभिलेख किताब अनुसार जम्मा दर्ता ८२७ व्यवसाय दर्ता भएका छन् जसमध्ये यस वर्ष केवल ६५ व्यवसायले मात्र व्यवसाय नवीकरण गरेको छ र ५६ नयाँ व्यवसाय दर्ता भएका छन्। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२६ **तलबी प्रतिवेदन** -

कोशी प्रदेशको प्रदेश निजामती सेवा ऐन २०७९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १३ कर्मचारीको रु. ८३,९५,१०१/- र पालिकाका तर्फका १७ कर्मचारीको रु.१,१२,४७,३०८.०४/- समेत रु. १,९७,७२,४०९.०४/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **खर्च पुष्टयाइँको प्रमाण** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **६४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२८ **अनुगमन भत्ता** -

कोशी प्रदेश गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) मा मासिक रुपमा गाँउपालिका अध्यक्षले रु.१०,०००/-, उपाध्यक्षले रु.१०,०००/-, वडाध्यक्षले रु.४,०००/- र कार्यापालिका सदस्यले रु.२,०००/- मासिक रुपमा अनुगमन प्रतिवेदन तयार तथा पेश गरी अनुगमन भत्ता पाउनेको व्यवस्था छ। कार्यालयले यस वर्ष पादाधिकारीहरुको मासिक सुविधा भुक्तानी गर्दा मासिक रुपमा अनुगमन भत्ता समेत भुक्तानी गरि वार्षिक रु.७,६८,०००/- भुक्तानी खर्च गरेकोमा पदाधिकारीहरुले मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको देखिएन । ऐनको व्यवस्था बमोजिम अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ ।

२९ **दोहोरो सुविधा** -

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार पादधिकारीहरुलाई मासिक रुपमा अनुसूचि १(क) मा उल्लेख भए अनुसार सुविधा पाउने उल्लेख छ । जस अनुसार गाँउपालिका अध्यक्षले टेलिफोन, मोबाइल वाफत मासिक ३००० पाउने व्यवस्था छ, तर पालिक अध्यक्षले उक्त सुविधा उपयोग लिलालिदै पनि थप संचार सुविधा लिएको देखिन्छ, मासिक रुपमा सेवासुविधा बाहेक लिएको अन्य रकम असुल गर्नुपर्ने रु.....

असुल गर्नुपर्ने	१०,०००

३० **बढी भुक्तानी** -

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(६क) मा पदाधिकारी वा कर्मचारीलाई सात दिन भन्दा बढी अवधिको लागि काजमा खटाउदा भ्रमण आदेश गर्ने पदाधिकारीले स्पष्ट कारण उल्लेख गरी काजमा खटाउनु पर्ने वा एक तह माथिको पदाधिकारीबाट भ्रमण आदेश सवीकृत गराउनु पर्ने व्यवस्था छ ।पालिकाका देहायका कर्मचारीहरु नियमानुसार भ्रमण आदेश स्वीकृत नगराई सात दिन भन्दा बढी अवधि बापतको भ्रमण भत्ता लिएको देखिन्छ ।यसरी नियम बाहेक भएको अतिरिक्त भुक्तानी सम्बन्धित व्यक्तिहरुबाट असुल गर्नु पर्ने रु.

भौ.नं.	मिति	कर्मचारीको नाम	भ्रमण अवधि	बढी भएको	रकम रु.
२४	२०८१।६।१७	अनिन शमशेर कुँवर	९ दिन	२ दिन	३,२००/-
जम्मा					३२००/-

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३,२००

३१ **विद्युत महसुल जरिवाना** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कार्यालयले विद्युत महशुल समयमा तिरेर महशुलमा छुट पाउनुपर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा निम्न भौचर बाट वद्युत महसुल भुक्तानीमा जरिवाना वापत रू. २८,२२५.४९/- भूक्तानी गरेकोले सरकारी कोषमा थप व्ययभार पारेको देखियो। यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

भौ.नं. र मिति	विवरण	बिल रकम	जरिवाना
४९२/ २०८२।२।२७	गा.पा को कार्यालय	३३१३३.७२	२६३७.२९
	वडा नं. १	१२८६.०३	४३.५
	वडा नं. ४	३२८९.९८	२०५.३१
	वडा नं. ५	१५३२.७३	१६५.११
	शाखागत इकाई	१२७०	४२.०६
	स्वास्थय चौकी (रवि)	११०००	१०४७.९५
	स्वास्थय चौकी (कुरुम्बा)	२१२९.७८	२६८.५२
	स्वास्थय इकाई (रवि)	८०७	७१
५१९/ २०८२।३।१	स्वास्थय चौकी (लिम्बा)	७७७१.७५	१००३.७५
३४४/ २०८१।१२।८	पालिकाको कार्यालय	-	२२,७४०
	जम्मा	६२२२०.९९	२८,२२५.४९

३२ **वितरणमुखी खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रका विषयमा योजना बनाई लागू गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र समावेशीकरण अभिवृद्धि हुने, लागत कम पर्ने विषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा देहाय अनुसार सहायता कार्यक्रमबाट विभिन्न सामाग्रि वितरण गरी खर्च गरेको देखियो। पालिकाले उत्पादनमूलक र दीगो रोजगारी सृजनाहुने कार्यक्रम स्वीकृत तथा कार्यान्वयनमा जोडदिई वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ। केही उदाहरणहरु यस प्रकार छनः

क्र.सं.	खर्च शीर्षक			रकम रु.
१	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम			
	भौ.नं.	मिति	विवरण	
	३७१	२०८२।१।१०	ज्याकेट, स्वीटर र टोपी वितरण (वडा ३)	८०,०५०/-
	६५६	२०८२।३।२३	सम्मान पत्र, ढाका टोपी, दोसल्ला (वडा १)	१,००,०००/-
२	नौमती बाजा र पोसाक खरिद			
	४६२	२०८२।२।२१	दाउरा सुरुवाल, स्टीकोट र जुत्ता खरिद	१,००,०००/-
	५९०	२०८२।३।१९	दाउरा सुरुवाल, स्टीकोट र जुत्ता खरिद	१,००,०००/-
३	अपाङ्गता सहायता			
	५२७	२०८२।३।७	अपाङ्ता मिलिजुली समूह कार्यालय व्यवस्थापन	५०,०००/-
३	दलित सशक्तिकरण र उत्थान			
	५९२	२०८२।३।१९	काँसको झर्के थाल खरिद र वितरण	२,४७,६४०/-
४	आदिवासी जनजाति उत्थान कार्यक्रम			
	३९७	२०८२।१।२२	साँस्कृतिक नाचगान कार्यक्रम	१,००,०००/-
	४००	२०८२।१।२२	सामाग्री वितरण	१,००,०००/-
	५२५	२०८२।३।७	सामाग्री वितरण (वडा नं. ६)	१,००,०००/-
५	खेलकुद कार्यक्रम			
	२४९	२०८१।११।९	मिक्लाजुङ खेलकुद विकाल समितिलाई खेलकुद आयोजना गर्न	२,२५,०००/-

३३ **इन्धन खर्च** -

कोशी प्रदेश सार्वजनकि खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा ९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन मा रु.१६,२८,९४५/- खर्च गरेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा १ व्याकहो लोडर, १ ट्र्याक्टर र २९ मोटर साइकल रहेको छ । कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३४ **मर्मत सम्भार खर्च** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको

ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.३५,२४,०६९/- खर्च गरेकोमा सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गरेको देखिएन । कार्यालयको जिन्सी व्यवस्थापन प्रणाली (PAMS V2) बाट कार्यालयका सवार मर्मत अभिलेख परीक्षण गर्दा सवारी मर्मतमा देहाय अनुसार प्रति सवारि वार्षिक न्यूनतम रू. देखी अधिकतम रू. खर्च भएको देखियो । पालिकाभित्रका सबै बाटो कच्चि रहेकोले सवारी मर्मतमा बढी खर्च हुने गरेको कार्यालयको भनाई रहेको छ । सवारी मर्मत गर्नुपूर्व विशेषज्ञबाट लागत अनुमान तयार गर्ने व्यवस्थाको पालना गरी मर्मत खर्च नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	सवारी नं.	सवारी प्रकार	वार्षिक मर्मत खर्च रु.
१	मे १ प ७५१८	मोटरसाइकल	६१७६४.८५
२	मे १ ब ७१०	मोटरसाइकल	१३३६८३.१७
३	मे १ ब ७०९	मोटरसाइकल	३१३५०
४	मे १ ब ७०७	मोटरसाइकल	१८९८६९.८८
५	मे १ ब ५५५	मोटरसाइकल	५१५००
६	मे १ ब ४८५	मोटरसाइकल	१८४०८१.२४
७	मे १ ब ४८४	मोटरसाइकल	२६,४००
८	मे १ ब ४८३	मोटरसाइकल	१०२०८७.३
९	मे १ ब २३०	मोटरसाइकल	६०६६९.६३
१०	मे १ ब २२५	मोटरसाइकल	१०९३८४.३२
११	मे १ ब ४५०	मोटरसाइकल	४३८००
१२	मे १ ब ४८१	मोटरसाइकल	१९४००
१३	मे १ ब २९१	मोटरसाइकल	२७,३४९.३९
१४	मे १ ब २५१	मोटरसाइकल	२४७००
१५	प्र.१-०३-००१.ब.०१७१	मोटरसाइकल	१७३००
१६	प्र.१-०१-००१.ब.१०११	मोटरसाइकल	५२२७२.५
१७	प्र.१-०१-००१.ब.०९७५	मोटरसाइकल	२७५००
१८	प्र.१-०३-००१.ब.०१२६	मोटरसाइकल	७१८८७.०१
१९	प्र.१-०१-००१.ब.०९७३	मोटरसाइकल	८३१३४.९७
२०	प्र.१-०१-००१.ब.०९७२	मोटरसाइकल	२५२२५
२१	प्र.१-०१-००१.ब.१०१०	मोटरसाइकल	४०४४९.९६
२२	मे १ ब ७५७	मोटरसाइकल	५०८३०.०२
		जम्मा	१४३४६३९.२४

३५ **दिवा खाजा रकम बढी भूक्तानी** -

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को बुँदा नं. २.३.७ क्रियाकलाप नं. २.७.११.१ (ज) बमोजिम इमिस मा समावेश भई सत्यापन भएका विद्यार्थी सङ्ख्याको आधारमा स्थानीय तहले प्रति विद्यार्थी दैनिक

रू.१५/– का दरले नियमित रुपले दिवा खाजा रकम विद्यालय सञ्चालन भएको दिन (परीक्षामा सामेल समेत) खाजाको रकम उपलब्ध गराउनु पर्ने र यसरी उपलब्ध गराइएका विद्यालयका प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई सङ्ख्या यकिन गरी निकासा भूक्तानी दिनुपर्नेमा देहायका विद्यालयमा निम्नानुसार बढी निकासा दिएको देखियो। बढी निकासा रकम असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रू.

क्र.सं.	विद्यालयको नाम	इमिस अनुसार निकासा रकम रु.	निकासा रकम रू.	बढी निकासा रकम रू.
१	अमरदीप आधारभूत विद्यालय	६४,८००/-	७१,५८०/-	६,७८०/-
२	बाल नमूना प्रा.बि.	२९,७००/-	४९,८१०/-	२०,११०/-
३	हेटथामडाँडा आ.बि	३७,८००/-	३९,०९०/-	१,२९०/-
४	हिमाल ज्योती आ.बि.	७५,६००/-	७७,५९५/-	१,९९५/-
५	जनचेतना आ.बि.	४५,९००/-	५२,५३०/-	६,६३०/-
६	केराबारी आ.बि.	५६,७००/-	५८,९९५/-	२,२९५/-
७	खान्द्रोङ्ग मा.बि.	८६,४००/-	८९,८२०/-	३,४२०/-
८	लाङ्घाली आ.बि.	७५,६००/-	७७,०७५/-	१,४७५/-
९	फाल्गुनन्द आ.बि.	३७,८००/-	३८,९४०/-	१,१४०/-
१०	पृथ्वी नारायण आ.बि.	२१,६००/-	२५,२४५/-	३,६४५/-
११	शहित दशरथ आ.बि.	७०,२००/-	७३,९५०/-	३,७५०/-
१२	श्री आरुवोटे मा.बि.	१,५३,९००/-	१,६३,१७०/-	९,२७०/-
१३	श्री सरस्वती आ.बि.	१,१०,७००/-	१,१५,५७५/-	४,८७५/-
१४	शिद्धभगवती आ.बि.	१,४५,८००/-	१,५७,३५०/-	११,५५०/-
१५	सिंह देबि आ.बि.	५१,३००/-	५८,१२५/-	६,८२५/-
१६	सिंह देबी मा.बि.	१२,१५००/-	१३,१११५/-	६,०१५/-
१७	सृजना आ.बि.	५१,३००/-	५३,२८०/-	१,९८०/-
असुल हुनुपर्ने रकम रू.				९३०४५/-

असुल गर्नुपर्ने	९३,०४५

३६ दिवा खाजा कार्यक्रम अनुगमन

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को बुँदा नं. २.३.७ क्रियाकलाप नं. २.७.११.१ (ट) मा दिवा खाजा ब्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गर्ने।ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकार/साना कृषक समुहबाट खरिद गर्ने तथा बिद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने उल्लेख छ। यस आर्थिक वर्षमा ५६ विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन बापत जम्मा रू.४३,५८०,७५/- रकम निकासा भूक्तानी भएको देखिन्छ। तर गाउँपालिकाबाट विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमको अनुगमन भएको देखिने प्रतिवेदन तथा अभिलेख, कागजात संलग्न भएको देखिएन। कार्यक्रम कार्यान्वयन कार्यविधिमा भएको ब्यवस्था बमोजिम अनुगमन गरी दिवा खाजालाई गुणस्तरीय, प्रभावकारी बनाउनलाई प्राथमिकता दिनुपर्दछ।

३७ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण** -

स्थानीय तहमा ससर्त अनदुान एवम शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हु ने कार्यक्रमसँग सम्बन्धित स्थानीय तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को बुँदा नं. २.३.५ क्रियाकलाप नं. २.७.१३.१० को ५.४ मा प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड,२०७८ अनुसार अनिवार्य रुपमा सामाजिक परीक्षण गराइ सामाजिक परीक्षण गरिएको मिति इमिस मा अद्यावधिक गर्न लगाउने र सो कार्य नगर्ने विद्यालयलाई यस क्रियाकलाप बापतको रकम उपब्ध नगराउने साथै विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने, सोको प्रतिवेदन स्थानीय तहमा पठाउने व्यवस्था उल्लेख छ। लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा गाउँपालिकाभित्र सञ्चालन भएका ५६ विद्यालयलाई कार्यविधिमा भएको ब्यवस्था बमोजिम रू.६,२०,०००/- भूक्तानी गरेको देखियो। तर वद्यालयले अन्तिम लेखापरीक्षणको अवधिसम्म समेत लेखापरीक्षण गरी सोको प्रतिवेदन कार्यालयमा पेश गरेको पाइएन। कार्यक्रम कार्यान्वयन कार्यविधिमा भएको व्यवस्था बमोजिम समयमा नै विद्यालयले आफ्नो कारोबारको अन्तिम लेखापरीक्षण गरी सो को प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्दछ।

३८ **स्यानिटरी प्याड खरिद** -

सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(२) मा शिक्षा शाखाले इमिस को तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने सङ्ख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र सोही कार्यविधिको दफा ५(४) मा स्थानीय तहले विद्यालयसँग समन्वय गरी विद्यालयको आवश्यकता, वजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन र प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरमा ध्यान दिइ त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। कार्यालयले यस वर्ष गो.भौ.नं.२८३/२०८२-०३-०७ बाट रू.१०,८५,३९३.२५ को १३५०० पोका प्याड खरिद गरेको दखिन्छ। खरिद भएको उक्त प्याड विद्यालयलाई वितरण गरी आर्थिक वर्षको अन्तिममा ३३८० पोका प्याड मौज्दातमा रहेको देखिन्छ। यसरी मौज्दात रहँदा विद्यार्थीको आवश्यकता बमोजिम आपूर्ति हुन नसक्ने तथा लामो समय मौज्दात रहँदा गुणस्तरमा ह्रास आउन सक्ने भएको हुँदा सेनिटरी प्याडको खरिद कार्य गर्दा आवश्यकताको आधारमा मौज्दात नरहने गरी खरिद गर्नुपर्दछ।

३९ **विद्यार्थी शिक्षक अनुपात** -

गाउँपालिकाबाट प्राप्त विवरण अनुसार पालिकाभित्र ४० सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा २६८ जना शिक्षकको दरबन्दी रहेको छ। जसमध्ये २४६ जना स्थाई र २२ जना करारमा पदपूर्ति गरेको तथा उक्त विद्यालयहरुमा ३२२९ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ। नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेकोमा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको छ। पालिकाले शिक्षक विद्यार्थीको अनुपात मिलान हुने गरी शिक्षकको दरबन्दी मिलान गरी आवश्यकता अनुसार पदपूर्तिको लागि शिक्षक सेवा आयोगसँग माग गर्ने र बढी दरबन्दी भएमा समायोजन गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४० **पाठ्यपुस्तक अनुदान** -

स्थानीय र प्रदेश तहमा ससर्त अनदुान एवम शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हु ने कार्यक्रमसँग सम्बन्धित स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को २.३.३ क्रियाकलाप नं. २.४.६.२ अन्तर्गत ३.१(क) १ मा विद्यालयले माग गरेको विद्यार्थी सङ्ख्यासहित रकमलाई इमिस मा प्रविष्ट गरी तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ सङ्ख्या सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सो का आधारमा कक्षागत र विषयगत पाठ्यपुस्तको विवरण यकिन गरी विद्यार्थी सङ्ख्याका लागि स्वीकृत कक्षागत दररेटका आधारमा (कक्षा ९-१० को ऐच्छिक विषयको समेतको) हिसाब गरी अनुदान उपलब्ध उल्लेख छ। लेखापरीक्षणको क्रममा नमूना परीक्षण गर्दा कार्यविधिमा भएको व्यवस्था भन्दा फरक पर्ने गरी तपशिल बमोजिमका विद्यालयलाई यस आर्थिक वर्षमा कार्यालयले बढी निकासा भएको देखिन्छ, त्यस्तै कार्यविधिमा भएको व्यवस्था बमोजिम सत्यापन गराउने गरेको पाइएन। यसरी बढी भूक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चिती कोषमा दाखिला गर्नुपर्ने रू.

क्र.सं.	विद्यालयको नाम	इमिस अनुसार भूक्तानी हुनुपर्ने रकम रू.	खुद भूक्तानी भएको रकम रू.	बढी भूक्तानी रकम रू.	
१	भगवती मा.बि.	१,३५०.७/-	१,२६,४६९.५/-	८,६०३.१८	
२	कुरुम्वा मा.बि.	१,१९,०७७.३/-	१,२९,५१८.५/-	१०,४४१.२४	
३	पञ्चेश्वरी आ.बि.	१०,३७४.४/-	१३,३७०.५/-	२,९९६.१०	
४	सार्वजनिक मा.बि.	८०,८५२.४८/-	९१,५४१.५/-	६,७५६.२	
५	श्रीजना आ.बि.	१३,६०९.२/-	१८,०००/-	४,३९०.८	
६	सिंहदेवी आ.बि.	४४,९९६.४६/-	६१,२३८.७५/-	११,४४९	
जम्मा				४४६३६.५२	

असुल गर्नुपर्ने	४४,६३६.५२

४१ **उच्चमाध्यमिक विद्यालय सञ्चालन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,2077 को नियम ४1(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले मिति २०७८।१।२० को शिक्षा समितिको निर्णय तथा स्वीकृत कार्यक्रमको आधारमा पालिकाभित्रका ११ वटा माध्यमिक विद्यालयलाई उच्च माध्यमिक पठनपाठन सञ्चालनकोलागि प्रति विद्यालय रू.४,००,०००/- का दरले जम्मा रू.४४,००,०००/- सञ्चालन अनुदान भुक्तानी दिएकोमा २०८१।१।३० को शिक्षा समितिको निर्णयले २०८१ मा कक्षा ११ मा १० जना भन्दा कम विद्यार्थी भर्ना गर्ने विद्यालयको कक्षा ११ सञ्चालनमा रोक लगाउने निर्णय गरेको देखियो। विगतमा उच्च माध्यकमिक सञ्चालनको अनुमति दिँदा न्यूनतम विद्यार्थी संख्या र कक्षा ११ सञ्चालनको मापदण्ड पुरा भएको सम्बन्धि कुनै निर्णय गरेको नदेखिएको र २०८१ मा न्यूनतम विद्यार्थी संख्या तोकेकोले उक्त संख्यामा विद्यार्थी भर्ना भई कक्षा सञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४४,००,०००

४२ **निजि शिक्षक अनुदान** -

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.३०,९४,०००।- तलब भत्ता भुक्तानी गरेको पाईयो। विद्यार्थी अनुपातमा दरबन्दी शिक्षक न्यून रहेको र विद्यालयको आन्तरिक स्रोत न्यून रहेको विद्यालयहरुमा आवश्यकताको आधारमा विगत देखिनै शिक्षक अनुदान दिने गरेको कार्यालयको भनाई रहेको भएतापनि समानिकरण अनुदानबाट निजि शिक्षकको तलबभत्ता भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

क्र.स.	विद्यालयको नाम	शिक्षकको नाम	वडा / पालिका	मासिक तलव	जम्मा तलब
१	युवावर्ष मा.वि	बन्दना आङ्देम्बे	वडा	१२०००	१५६०००
२	जनचेतना आ.वि	अनिसा सेर्मा लिम्बु	वडा	१२०००	१५६०००
३	जालपादेवी आ.वि	गृष्मकला आङ्देम्बे	वडा	१२५००	१६२५००
४	कुरुम्बा मा.वि	नविन लावती	वडा	२५०००	३२५०००
५	पन्चकन्या आ.वि	इक्सा लावती	वडा	१२५००	१६२५००
६	संहदेवी मा.वि	नुनाम्फुङ योङहाङ	वडा	१२५००	१६२५००
७	पञ्चेश्वरी आ.वि.	मुना देवि तामाङ	पालिका	१५०००	१९५०००
८	चन्द्रेश्वर मा.वि.	रविन्द्र राई	वडा	२५०००	३२५०००
९	सार्वजनिक मा.वि	करिस्मा लावती	वडा	१००००	१३००००
१०	सार्वजनिक मा.वि	धन कुमार माखिम	वडा	२००००	२६००००
११	सरस्वती आ.वि	मिना थेगिम	वडा	२१५००	२७९५००
१२	भगवती मा.वि	गोविन्द गौतम	वडा	२७५००	३५७५००
१३	भगवती मा.वि	सिता तामाङ	वडा	१२५००	१६२५००
१४	शक्तिका आ.वि	मात्रिका मगर	वडा	१२५००	१६२५००
१५	सिंहदेवी आ.वि	प्रेमा शेर्मा	वडा	७५००	९७५००

			जम्मा	२३८०००	३०९४०००

४३ **नाफामूलक संस्था अनुदान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई कार्यालय व्यवस्थापन अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं./ मिति	सामाग्रि प्राप्त गर्ने संस्था	विवरण	रकम
५५०-०८२।३।११	नाम्बिन महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	ल्यापटप खरिद	९०,०००/-

अनियमित भएको	९०,०००

४४ **अन्य निकाय खर्चः**

पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालयलाहरुलाइ निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने भएकोले पालिका अन्तर्गत नभएका अन्य निकायको प्रयोजनमा गरेको खर्च नियम सम्मत नदेखिएको रु.

क्र.सं.	निकाय वा संस्थाको नाम	खर्च विवरण	रकम रु.
१	जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालत पाँचथर।	सवारी साधन मर्मत र नेटवर्क वाइरिङ	१,४८,८४१/-
२	ईलाका प्रहरी कार्यालय, रवि, पाँचथर	स्टोर मर्मत	९०,२४४/-
३	ईलाका प्रहरी कार्यालय, रवि, पाँचथर	इन्धन बापत भुक्तानी	३०,०००/-
४	सशस्त्र प्रहरी बल, नेपाल नं. २ गुल्म हेड क्वार्टर	Invertor खरिद	५०,६२४/-
५	दुर्दिम्बा प्रहरी चौकी	इन्धन तथा सवारी साधन मर्मत	७२,०००/-
		जम्मा	३, ९१ , ७०९ /-

अनियमित भएको	३,९१,७०९

४५ **स्थानीय भत्ता बढी भुक्तानी** - (१८४-2081-11-18):

आर्थिक वर्ष २०८१।८२ का लागि रोजगार संयोजक तथा प्राविधिक सहायकसँग गाउँपालिकाले गरेको करार सम्झौतामा उल्लेख भएकोमा निम्नानुसारका कर्मचारीलाई सम्झौतामा भएको दरभन्दा बढी दरमा स्थानीय भत्ता भूक्तानी भएको देखियो। यसरी सम्झौतामा तोकिए भन्दा बढी दरमा भूक्तानी भएको रकम सम्बन्धित कर्मचारिबाट असुल गर्नुपर्ने रू.

गो.भौ./मिति	कर्मचारीको नाम/पद	सम्झौताको रकम रू.	भूक्तानी रकम रू.	बढी भूक्तानी रू.	कैफियत
१८४/११-१८	मोहिनि प्रसाद लावती/रोजगार संयोजक	१३५०*७=९४५०/-	३९४०*७=२७५८०/-	१८,१३०/-	माघ महिना सम्मको त.भ. भूक्तानी
	संजय काफ्ले/ प्राविधिक सहायक	९५०*७=६६५०/-	३२१०*७=२२७४०/-	१५,८२०/-	माघ महिना सम्मको त.भ. भूक्तानी

असुल गर्नुपर्ने	३३,९५०

४६ **दोहोरो भूक्तानी** - (347-2082-03-22):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **९,५०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ **लागत अनुमान** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले हाई अल्टिच्युड खेलमैदान निर्माण कार्यको लागत अनुमान रू.२३,८७,९५३/९६ तयार तथा स्वीकृग गरेकोमा ग्याबिन वालको पछाडीको भागमा माटोपुर्ने कार्यको लागत अनुमानमा भाइब्रेटर रोलरको प्रति घन मिटर रू.२२.८० समेत समावेसगरी प्रतिघन मिटर रू.१२९.४५ लागत अनुमान तयार गरेको र खुला बोलपत्रको माध्यमबाट उक्त कार्य निर्माण व्यवसायि जानुका विलडर्स प्रा.लि.सँग रू.१७,७५,४२०/- को सम्झौतागरी सम्पन्न गरेको देखियो। निर्माण कार्यको लागत अनुमान तयारगर्दा प्रयोग नहुने उपकरणको लागत समेत समावेश गरेकोले माटोपुर्ने कार्यको परिमाण ४४० घन मिटरको प्रति घन मिटर रू.२२.८० को दरले जम्मा रू.१०,०३२/- बढी लागत अनुमान तयार तथा स्वीकृत गरेको नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	१०,०३२

४८ **१५ शैय्या अस्पताल** -

गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको अस्पताल निर्माणका लागि ठेक्का नं MRM/NCB/works-11/2077/78 मार्फत निर्माण व्यवसायी सीएम कृष्णलक्ष्मी जेभीसँग २४ महिनाभित्र रु.१२,२७,०२,०२८।८० (मूल्य अभिवृद्धी कर समेत) को लागतमा कार्यसम्पन्न गर्नेगरी २०७८।०१।०८ मा सम्झौता गरेकोमा २०७८।११।१५ को गाँउसभावाट प्रथम भेरिएसन ६१.६५ प्रतिशत अर्थात रु.७,५४,२५,५१४।१६(मुअकर समेत) स्वीकृत गरी सम्झौता रकम रु.२२,३८,८४,१३४।६५(मूअकर समेत) पुगेको देखियो। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन :

- यस गाउँपालिकाले स्वास्थ्य भवन पूर्बाधार निर्माण गर्दा गुरुयोजना तयार गरे पनि स्वीकृत भएको देखिएन। साथै भवन निर्माण कार्यस्थलको अवस्थाको मूल्याङ्कन वेगर स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएकै प्रोटोटाईपको आधारमा अस्पताल भवन निर्माण गरेको देखिन्छ । गाउँपालिकाको आन्तरिक आय, सेवाग्रहीको उपस्थिती लगायतलाई विश्लेषण नगरी स्थानीय आवश्यकता भन्दा ज्यादै ठुलो र खर्चिलो संरचना निर्माण हुन गएको देखियो।
- २४ महिना अर्थात २०८०।०१।०७ भित्र सम्पन्न हुनुपर्ने निर्माण कार्यमा यस वर्ष सम्म १० वटा विलबाट रू.१४,६१,८१,०७३/१६ भुक्तानी भई ६७.२९ प्रतिशत प्रगति भएको छ। हाल सम्म भेरिएसन भै थप भएको स्टोन मेशीनरी वाल र ग्यावियन वालको कार्य तथा ३ वटा ब्लकको स्ट्रक्चरको कार्य पुरा भई सवै व्लकको फिनिसिङ्ग , सेनिटरि र इलेक्ट्रिफिकेशनको कार्य हुँदै गरेको देखियो। संघीय स्वास्थ्य मन्त्रालयले शुरु सम्झौता बमोजिम रकम दिए पनि भेरिएशन भई थप भएको रकम निकासा नदिने भएको र पालिकाको आन्तरिक स्रोतबाट वार्षिक न्यून रकममात्र विनियोजनभई भुक्तानी हुने भएकोले कार्यप्रगतिमा समस्या भएको तथा कार्यपालिकाको मिति २०८२।१।२३ गतेको निर्णयले २०८३।३।२० सम्म म्यादथप भएको कार्यालयको भनाई रहेको छ।

  निर्माण कार्यस्थलको लेखापरीक्षण टोली र कार्यालयको व्यवस्थापन टोलीले मिति २०८१।०५।२३ गते स्थलगत अनुगमन गर्दा निर्माणकार्य भईरहेतापनी निर्माण स्थलमा न्यून संख्यामा जनशक्ति रहेको देखियो। सम्झौता भएको अवधिमा निर्माण कार्य सम्पन्न नभई पटक- पटक म्याद थप हुँदा समेत कार्यतालिका बमोजिम कार्य नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गरी सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गरि अस्पताला सञ्चालन गर्नुपर्दछ।

४९ **एज बिल्ट नक्सा** -

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५ मा खरीद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजविल्ट) नक्सा पेश गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं. MRM/NCB/Works- 07/080/81 कृषि सडकमा कल्भर्ट निर्माण कार्यका निर्माण व्यवसायी रियांश इन्फ्रास्टक्चर एण्ड डेभलपर्स प्रा.लि. सँग भएको सम्झौतामा प्रोभिजनल समको रकम खर्चको बिलभरपाईको आधारमा दिने उल्लेख छ। कार्यालयले गो.भौ.नं. ९०- २०८२।१।२४ बाट अन्तिम विलको रकम रू.२९,६१,८२२/१२ भुक्तानी दिँदा प्रोभिजनल सममा रहेको एजबिल्ट नक्सा वापतको रकम रू.१५,०००/- समेत भुक्तानी दिएकोमा एजबिल्ट नक्सा पेश भएको देखिएन। एजबिल्ट नक्सा पेश नभई दिएको भुक्तानी असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१५,०००

५० **उपभोक्ता समिति** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष १७५ उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई रु.६,३५,०५,०००/- भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट संचालन गरिएका कार्यको गुणस्तर परीक्षण नहुने, निर्माण कार्यमा प्रतिस्पर्धा नहुने भएकोले गुणस्तरीयता र दिगोपनामा अभिवृद्धि हुने देखिदैन । कार्यालयले प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउन ध्यान दिनुपर्दछ ।

५१ **स्थायी लेखा नम्बर** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोा सिमित वा लाभाही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष १७५ उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई रु.६,३५,०५,०००/- भुक्तानी दिएकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।

५२ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। ७ नं. वडाका मुख्य बाटोहरु मर्मत सम्भार उपभोक्ता समितिसँग बाटो स्तरोन्नती कार्यकोलागि भएको सम्झौतामा उपभोक्ता समितिले कुल निर्माण लागत रू.६,२०,७१६/- को कार्यसम्पन्न गरेमा कार्यालयले रू.४,९५,०००/- भुक्तानी दिने र बाँकि श्रमदान गर्ने उल्लेख छ। उपभोक्ता समितिले पेश गरेको निर्माण कार्यको उपभोक्ता समबन्धि विलमा कुल रु.५,५६,९९५/२० को कार्य भएको उल्लेख छ । सम्झौता अनुसार आनुपातिक रुपमा श्रमदान कट्टा गरेर रु.४,४४,१८४/८१ भुक्तानी दिनुपर्नेमा रु.४,८६,९८९/- भुक्तानी दिई रु.४२,८०४/१९ बढी भुक्तानी दिएको देखियो । बढी भुक्तानी दिएको रकम सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४२,८०४.१९

५३ **मूल्य अभिवृद्धि कर** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिलाई लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि करको रकम कट्टा गरेर भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले देहायका कार्यहरुगर्न उपभोक्ता समितसँग सम्झौता गरेको र उपभोक्ता मेशिन प्रयोग गरी निर्माणकार्य गरेको तथा निर्माण व्यवसायिको मूल्य अभिवृद्धिकर समेतको विजक समावेश गरी मूल्य अभिवृद्धि कर समेत उपभोक्ता समितिलाई भुक्तानी गरेको देखियो। बाढी पहिरोबाट क्षतिग्रस्त सडक यथासक्य चाडो निर्माण गर्नुपर्ने भएकोले उपभोक्ता

समितिसँग सम्झौतागरी कार्य गराएको तथा बाढी पहिरोले क्षतिगरेको बाटो सरसफाई र निर्माणको कार्य मेशिन प्रयोगगरी गर्नुपरेकोले सम्बन्धित मेशिन धनि फर्मले जारि गरेको मूल्य अभिवृद्धिकर विजकको आधारमा नियमानुसार ३० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टागरी सम्बन्धित निर्माण व्यवसायिको नाममा दाखिला समेतगरी भुक्तानी दिएको कार्यालयको भनाई रहेको छ। नियमानुसार मूल्य अभिवृद्धि कर रकम उपभोक्ता समितिलाई भुक्तानी दिन मिल्ने देखिदैन। कार्यालयले नियमानुसार ३० प्रतिशत कर रकम कट्टागरी दाखिला गरेकोले सम्बन्धित फर्मले भुक्तानी पाएको मूल्य अभिवृद्धिकर समायोजना गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

गो. भौ . नं ./ मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	मूल्य अभिवृद्धि कर रकम	कैफियत
१३४-०८२।२।२७	असोज महिनाको पहिरोको कारण क्षतिग्रस्त सडक मर्मत सम्भार उ. स . (वडा नं . २ देखी ७ सम्म)	३६१७१४४.०५	४१६१३१.६२	सम्पूर्ण कार्यको निर्माण व्यवसायिको विल संलग्न राखि भुक्तानी
२५३-०८२।३।२४	असोजको पहिरोले अबरुद्ध कृषि सडक सरसफाई तथा मर्मत उ. स . (वडा नं . ४ , ५ , ६ , ७ र ८)	२३४१९९१.२६	२६९४३२.६२	
११४-०८१।९।२६	बेमौसमी वर्षाका कारण क्षतिग्रस्त सडक मर्मत उ. स . वडा नं . १	२१९४२६७.७३	२५२४३७.८८	
२५-०८१।९।२६ र ४०९-०८१।३।२४	मिक्लाजुङ ३ मोटरबाटो मर्मत उ. स .	३३४००००	३८७२४७.७८	
२१-०८१।९।२६	बेमौसमी बर्षाका कारण अवरुद्ध सडक मर्मत तथा संचालन उ. स . वडा नं . ६	३४००८६९.३१	३९१२५०.४५	
	जम्मा		१७१६५००.३५	

प्रमाण पेश नगरेको	१७,१६,५००.३५

५४ **बढी दरमा भुक्तानी** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले सडक तथा नाला निर्माण र सरसफाई कार्य गराउँदा कतिपय कार्यमा शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोगगरी लागत अनुमान तयार गरी कार्य गराएको र देहायका उपभोक्ता समिति तथा निर्माण व्यवसायिहरुलाई सडक विभागको नर्म्स अनुसार लागत अनुमान तयार तथा स्वीकृत गरी भुक्तानी दिएको देखियो। बाटो मर्मत तथा सरसफाइको कार्य गर्दा सडक विभागको नर्म्स प्रयोग गरी देहायका उपभोक्ता तथा निर्माण व्यवसायिलाई बढी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रू.

क्र. सं .	उपभोक्ता समिति/ निर्माण व्यवसायिको नाम	माटोको परिमाण	भुक्तानी दिएको दर	भुक्तानी दिनुपर्ने दर	बढी दर	बढी रकम
१	असोज महिनाको पहिरोको कारण क्षतिग्रस्त सडक मर्मत उ. स .	४५७०३.६	६०.५	४३.५७	१६.९३	७७३७६१.९५
२	असोजको पहिरोले अवरुद्ध कृषि सडक सरसफाई तथा मर्मत उ. स .	२५८२८.८८	६१.३५	४३.५७	१७.७८	४५९२३७.४८
३	याङ्देम्बा कन्स्ट्रक्सन प्रा. लि . – १ नं . वडा भरि मोटरबाटो , गौरी भञ्ज्याङ पानीघट्टा वालापा सडक निर्माण	१६४८९.६	४५.४९	४३.५७	१.९२	३१६६०.०३
४	एल एम बि निर्माण सेवा प्रा. लि .- टोलस्तरीय मोटरबाटो मर्मत सम्भार योजना - २	१९५०८	४५.३२	४३.५७	१.७५	३४१३९.
५	उत्सव निर्माण सेवा प्रा. लि .- आरुबोटे मोटरबाटो मर्मत र नालि निर्माण	१७८०८	४६.९२	४३.५७	३.३५	५९६५७
					जम्मा	१३५८४५५.४६

असुल गर्नुपर्ने	१३,५८,४५५.४६

५५ उपभोक्ता समितिमार्फत निर्माण कार्य -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले निम्न निर्माण गर्न उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न भएको निर्माण विलको आधारमा भुक्तानी दिएकोमा श्रेस्ता परीक्षण गर्दा कडा तथा नरम प्रकारको चट्टान काट्नुपर्ने लगायत कार्य समावेश रहेको र उपभोक्ता समितिले भुक्तानी पाएको भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखिएकोले उक्त कार्य उपभोक्ता समितिले गरेको भन्ने पुष्टि हुदैन। उपभोक्ता समितिले निर्माण कम्पनीमार्फत कार्य गराएको विजक संलग्न राखि भुक्तानी दिएको नियमित नदेखिएको रु.

सि. नं .	उपभोक्ता समितिको नाम	उ. स . ले निर्माण व्यवसायीलाई दिएको भुक्तानी रकम	उ. स . ले कार्यालयबाट भुक्तानी पाएको रकम	कैफियत
१	७ नं. वडाका मुख्य बाटोहरु मर्मत सम्भार उ . स .	६२२९३९/ १०	४९५०००/-	१०६३० घ. मी . कट्टिङ् मध्ये २४९ घ . मी . नरम चट्टान रहेको सबै मेशिनबाट
२	ओएक्माटार तिलिङगाँउ जोड्ने मोटरबाटो ट्रयाक निर्माण योजना उ. स . वडा नं . २	२२८२७५/ ६४	१७५५००/-	नया ट्रयाक खोल्ने कार्यमा पुरै मेशिनको प्रयोग
३	मिक्लाजुङ ८ सडक मर्मत योजना उ. स .	१०००००१८/ ८१	७८००००/-	सबै प्रकारको माटो मेशिनको प्रयोगगरी खन्ने कार्य
		जम्मा	१४, ५० , ५०० /-	

अनियमित भएको	१४,५०,५००

५६ उपभोक्तामार्फत सामाग्री खरिद -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले उपभोक्ताको श्रमदान नहुने देहायका सामाग्रि तथा उपकरण उपभोक्ता समिति मार्फत खरिदगरी खरिदको विल संलग्न राखि उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो। सामाग्रि खरिदको कार्य उपभोक्ता समितिमार्फत गर्न मिल्ने कानुनी व्यवस्था नभएकोले उपभोक्ता मार्फत खरिदगरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

गो. भौ . नं . ।मिति	उपभोक्ता समितिको नाम	खरिद विवरण	भुक्तानी रकम
२७- २०८२।२।२६	हुलाक पाङ्तुवा अपुरो खानेपानी योजना उ. स .	सोलार प्यानल, सम्पवेल पम्प खरिद	५, ०० , ००० /-
५६- २०८२।३।२३	जोरधारा खानेपानी मर्मत उ. स . मिक्लाजुङ ४	समरसिवल पम्प, सेन्सर र तार खरिद	३,००,०००/-
२४६- २०८२।३।२४	साविक ७ खानेपानी पम्पिङ मोटर खरिद साझेदारी उ. स .	समरसिबल पम्प, कन्डक्टर लगायत खरिद	१, ९५ , ००० /-
		जम्मा	९,९५,०००/-

अनियमित भएको	९,९५,०००

५७ सामाजिक सुरक्षा -

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित

रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्न छनः

लगत कट्टा- कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ । साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको मूल अभिलेख (VERSPMIS) प्रणालीमा समेत अद्यावधिका गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आ.व. २०८१।८२ मा लगत कट्टाको विवरण माग भएकोमा प्रणालीबाट देखिएका लगत कट्टाको विवरण फर्वाड फिडसँग भिडान गर्दा निम्न लाभग्राहीको खातामा लगतकट्टा मिति पछि पनि रकम जम्मा भएको देखिन्छ । यसरी बढी भूक्तानी भएको रकम फिर्ता गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.

क्र.स.	लाभग्राहीको नाम	मृत्यु भएको मिति	लगत कट्टा	बढी भुक्तानी
१.	हाङपाल सिं लावती	२०८१।०६।१२	२०८१।०७।१७	२३९४
२.	प्रसाद सिं राई	२०८१।०६।०४	२०८१।०७।११	३७२४
३.	कविराज राई	२०८१।०९।११	२०८१।०९।२९	२५२७
४.	बमबहादुर राई	२०८१।०७।२१	नभएको	३३१९७
५.	डिगमवीर राई	२०८१।०८।१४	२०८१।९।२९	४७६९
६.	खिन माया दमाई	२०८१।११।२६	२०८१।१२।२९	४५३२
७.	अमृत हाङ माखिम	२०८१।१२।१०	२०८२।०१।११	२६६७
८.	धन सिं लिम्बु	२०८२।०२।२७	२०८२।०३।१६	४४००
जम्मा				**५८२१०**

पारदर्शिता र जवाफदेहिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो विवरण वेभसाइटमा राखेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

सार्वजनिक सुनुवाई - सामाजिक सुरक्षा कार्यक्रम संचालन २०७७ को दफा ३४ मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्ने र सुनुवाईबाट प्राप्त गुनासो तथा सुझाव मध्ये आफुले सम्बोधन गर्न सक्ने विषय सम्बोधन गर्ने र सम्बोधन गर्न नसकेका गुनासो तथा सुझाव सम्बोधनका लागि स्थानीय तह वा प्रदेश वा नेपाल सरकारको सम्बधित निकायमा पठाउनु पर्ने व्यवस्था छ। पालिका सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **३३,१९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२५,०१३

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मिक्लाजुङ गाउँपालिका, पाँचथर , मिक्लाजुङ गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सुमन यङ्या	२०७९-१२-२२	२०८१-७-६
कार्यालय प्रमुख	सन्तोष श्रेष्ठ	२०८१-७-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	मनोज देउजा	२०७९-१२-२१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,६७०,००६.१७	२,९३७,२४१	६,१८०,५००.३५	०	०	३०१,२००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	११,०८८,९४७.५२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२०७,९०२
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१०,८८१,०४५.५२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२६९९१०४२.८२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३८४३१७७१९	चालु खर्च	३५५८१६५१७.३८
प्रदेश सरकारबाट अनुदान	३८३८६०००	पूँजीगत खर्च	१२४४०५००६
राजश्व बाँडफाँट	९४२१३९६३.७९	वित्तीय/अन्य व्यवस्था	१६४७४८७०८.६२
आन्तरिक आय	११६५१८०७.४८		
अन्य आय	११९९४३४५९.८३		
कुल आय	६४८५१२९५०.१०	कुल खर्च	६४४९७०२३२.००
बाँकी मौज्दात		३०५३३७६०.९२	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका विषय
1	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	२०८१ श्रावण, असोज, चैत्र र २०८२ जेठ, आषाढको परीक्षण।
2	कृषि तथा पशु विकास कार्यक्रम	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम
3	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने ।	दश लाख भन्दा बढीका उपभोक्ता समिति
4	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	२०८१ श्रावण, असोज, चैत्र र २०८२ जेठ, आषाढको परीक्षण।
5	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फका कार्यक्रमको परीक्षण
6	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ असुली तथा दाखिला विवरण
7	तालिम र कार्यक्रम खर्च	तालिम कार्यक्रम
8	शिक्षा तर्फ	शिक्षा तर्फका कार्यक्रम परीक्षण
9	खरिद व्यवस्थापन	ठेक्काबाट भएको सबै खरिद
10	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा भत्ता लाभग्राहि विवरण र खर्च अवस्था
11	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्काबाट भएको सबै खरिद
12	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	सशर्त तर्फका कार्यक्रमहरु
13	तालिम तथा कार्यक्रम	तालिम कार्यक्रम

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : कोशी प्रदेश जिल्ला : पाँचथर स्थानीय तह : मिक्लाजुङ गाउँपालिका, पाँचथर								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,८५,०८,३३८.३८	०	९,८५,०८,३३८.३८	८,९०,०५,७६३.९५	०	८,९०,०५,७६३.९५
१३०००	अनुदान		३७,८४,६६,३६५.४४	०	३७,८४,६६,३६५.४४	४१,७०,४४,९३१.४५	०	४१,७०,४४,९३१.४५
१४०००	अन्य राजस्व		३१,००,९६२.८९	०	३१,००,९६२.८९	२३,९४,३१८.४२	०	२३,९४,३१८.४२
१५०००	विविध प्राप्ति		४२,५६,४७०.००	०	४२,५६,४७०.००	३,९०,५१०.००	०	३,९०,५१०.००
क	कुल जम्मा प्राप्ति		४८,४३,३२,१३६.७१		४८,४३,३२,१३६.७१	५०,८८,३५,५२३.८२		५०,८८,३५,५२३.८२
३	चालु		३५,५८,१६,५१७.३८	०	३५,५८,१६,५१७.३८	३७,४३,९१,४२२.७९	०	३७,४३,९१,४२२.७९
२१०००	पारिश्रमिक / सुविधा		२३,०५,९४,७१५.९८	०	२३,०५,९४,७१५.९८	२४,१४,५०,९२५.७३	०	२४,१४,५०,९२५.७३
२२०००	मालसामान तथा सेवाको उपयोग		११,६९,२६,४९९.४०	०	११,६९,२६,४९९.४०	११,१२,२९,७२४.९६	०	११,१२,२९,७२४.९६
२५०००	सहायता (Subsidy)		३४,९१,४३५.००	०	३४,९१,४३५.००	९,२०,२९०.००	०	९,२०,२९०.००
२७०००	सामाजिक सुरक्षा		३६,५५,०२७.००	०	३६,५५,०२७.००	९,१९,९३८.००	०	९,१९,९३८.००
२८०००	अन्य खर्च		११,४८,८४०.००	०	११,४८,८४०.००	१,९८,७०,५४४.१०	०	१,९८,७०,५४४.१०
४	पूंजीगत		१२,४४,०५,००६.००	०	१२,४४,०५,००६.००	१५,३४,४५,४८३.५३	०	१५,३४,४५,४८३.५३
३१११०	भवन तथा संरचना		१,५१,२३,७५८.००	०	१,५१,२३,७५८.००	८९,६५,६२१.००	०	८९,६५,६२१.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२९,२१,५६७.००	०	२९,२१,५६७.००	२८,६८,९४२.००	०	२८,६८,९४२.००

३११३०	अन्य पूँजीगत खर्च		४२,००,०००.००	०	४२,००,०००.००	१,०५,५३,५०६.००	०	१,०५,५३,५०६.००
३११५०	सार्वजनिक निर्माण		१०,२१,५९,६८१.००	०	१०,२१,५९,६८१.००	१३,०७,५९,९१४.५३	०	१३,०७,५९,९१४.५३
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	२,९७,५००.००	०	२,९७,५००.००
ख)	कुल जम्मा भुक्तानी		४८,०२,२१,५२३.३८		४८,०२,२१,५२३.३८	५२,७८,३६,९०६.३२		५२,७८,३६,९०६.३२
ग)	बचत /कमी (ग = क-ख)		४१,१०,६१३.३३		४१,१०,६१३.३३	(१,९०,०१,३८२.५०)		(१,९०,०१,३८२.५०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		(५,६७,८९५.२३)		(५,६७,८९५.२३)	(३६,५१,१२३.१८)		(३६,५१,१२३.१८)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					(४,०३,६८५.००)		(४,०३,६८५.००)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		३५,४२,७१८.१०		३५,४२,७१८.१०	(२,२६,५२,५०५.६८)		(२,२६,५२,५०५.६८)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,६९,९२,०४२.८२		२,६९,९२,०४२.८२	४,९२,४०,८६३.५०		४,९२,४०,८६३.५०
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		३,०५,३४,७६०.९२		३,०५,३४,७६०.९२	२,६५,८८,३५७.८२		२,६५,८८,३५७.८२

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण समयमा नहुने, भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।